" समृद्ध खाँदबारी नगर "

# खाँदबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

खाँदबारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल।

प.सं.: २०८२/०८३

च.नं.:

**<u>खाँदबारी नगरपालिका वडा नं.९ तुम्लिङटार मुन्सिखोला देखि खाँदबारी न.पा वडा नं. ४ छ्याङ्कुटीसम्मको सडक सीमामा पर्ने संरचना हटाउने सम्बन्धी २१(एक्काइस दिने) सूचना ।</u>**

प्रथम पटक सूचना प्रकाशन मितिः-२०८३।०२।०५

खाँदबारी नगरपालिका वडा नं.९ तुम्लिङटार मुन्सिखोला देखि खाँदबारी न.पा वडा नं. ४ छ्याङ्कुटीसम्मको उत्तरदक्षिण (कोशी) सडक खण्डका जग्गाको मुआव्जा रकम विगत २०४३।०४४ सालमा वितरण भइसकेको, हाल उक्त सडकको सीमा क्षेत्रका जग्गाहरु नेपाल सरकारको वा सडकको नाममा लगत कायम भइसकेकोले, उत्तर-दक्षिण (कोशी) योजना खाँदबारीको च.न. ४१५ मिति २०८३।२।०१ को सार्वजनिक सूचना प्रकाशन गरिदिने व्योहोराको पत्र तथा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सम्बन्धित सरोकारवालाहरुसँग मिति २०८३।०१।३१ गते बसेको बैठक निर्णय बमोजिम उक्त सडकको सीमा क्षेत्र भित्र बनाईएको अस्थायी र स्थायी प्रकृतिका घर/गोठ/टहरा लगायतका भौतिक संरचना हटाई लैजान हुनका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र आ-आफ्नो घर/गोठ/टहरा भत्काई लैजानुहोला । तोकिएको समयभित्र उक्त संरचनाहरु नहटाएमा खाँदबारी नगरपालिका, उत्तर दक्षिण कोशी सडक योजनाबाट संरचनाहरु हटाईने र उक्त संरचना हटाउँदा लागेको खर्च सम्बन्धितबाट असुल उपर गरिने बेहोरा समेत जानकारी गराईन्छ ।

खाँदबारी नगरपालिका
खाँदबारी, सङ्खुवासभा ।

फोन नं.: आ.प्र- ०२९-५६०२५०, शिक्षा/आर्थिक- १२१, स्वास्थ्य- ४४१, प्र.प्र.अ- १४१, उपप्रमुख- ३४१, प्रमुख २५४
वेबसाइटः www.khandbarimun.gov.np इमेलः khandbari.mun@gmail.com